सरकारले घोषणा गरेको 'लगानी एक्सप्रेस नीति'मार्फत निश्चित समयभित्र उद्योग सञ्चालन

र विदेशी मुद्रा आर्जनका लागि सरकारसँग निरन्तर सहकार्य गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेको छ।


## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)का तपसिलमा उल्लेखित ऋणीहरु तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना।

**(सूचना प्रकाशित मिति २०८३/०१/३१ गते बिहिबारको सौर्य राष्ट्रिय दैनिक)**

यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) को तपसिलमा उल्लेखित ऋणीले बिभिन्न शिर्षक अन्तरगत लिनु भएको ऋण कर्जा रकम चुक्ता भुक्तान गर्ने अवधि समाप्त भईसक्दा पनि बैंकसँग गर्नु भएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्यौंट नगर्नु भएकोले यस बैंकबाट पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्यौंट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले कर्जा असुलीका लागि यस अधिको विभिन्न मिति तथा मिति २०८२/०१/१५ गते सोमवारको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको सो सूचनाहरु वमोजिम ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुले कर्जा चुक्ता भुक्तान नगरेको तथा धितो बापतको सम्पत्ति लिलाम विक्री हुन नसकेकोले मिति २०८२/१२/०३ गते मंगलबारको सौर्य राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचनाहरु वमोजिम ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुले कर्जा चुक्ता भुक्तान नगरेको तथा धितो बापतको सम्पत्ति लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय **चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचकना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् मिति २०८३/०२/०७ गते बिहिवार (सो दिन सार्वजनिक विदा परेमा सोको लगतै बैंक खुलेको दिन) शाखा कार्यालय **चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा** दिनको ठीक २:०० (दुई) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्यौंट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा व्यक्तिगत जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित चल/अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित चल/अचल जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

| १ ऋणी : लाल बहादुर थारु | जमानतकर्ता : गीता कुमारी थारु |
|---|---|
| (ना.प्र.नं. ३६८३८, जारी मिति २०६०/११/१७, जि.प्र.का. नवलपरासी)। ठेगाना : नवलपरासी जिल्ला कोल्हुवा गा.वि.स. वडा नं. ८, स्थायी ठेगाना भई हाल नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला मध्यविन्दु न.पा. वडा नं. ३। बाबु : बुधिराम थारु। बाजे : सोमलाल थनेत। | (ना.प्र.नं. ३६-२-०२७/६०, जारी मिति २०६४/०२/२८, जि.प्र.का. नवलपरासी)। ठेगाना : नवलपरासी जिल्ला कोल्हुवा गा.वि.स. वडा नं. ८, स्थायी ठेगाना भई हाल नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला मध्यविन्दु न.पा. वडा नं. ३। बाबु : मित्र बहादुर थारु। पति : लाल बहादुर थारु। ससुरा : बुधिराम थारु। |

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. ऋणी लाल बहादुर थारुको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासीमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला कोल्हुवा गा.वि.स. वडा नं. ८ नक्सा सिट नं. ८क स्थित कित्ता नं. १०९९ क्षेत्रफल ०-५-१५.२५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...१

२. गीता कुमारी थारुको नाममा मालपोत कार्यालय कावासोती नवलपरासीमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला कोल्हुवा गा.वि.स. वडा नं. ८ नक्सा सिट नं. ८ख, कित्ता नं. ४३४ को क्षेत्रफल ०-२-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...१

**नोट : धितो वापत यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) को नाममा रहेका निम्नानुसारको सवारी साधन यस बैंकलाई बुझाउनु हुन समेत ऋणी तथा जमानतकर्ताहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।**

- प्रदेश सरकार प्रदेश नं. ५ भौतिक पूर्वाधार विकास मन्त्रालय यातायात व्यवस्था कार्यालय, रुपन्देही, नेपालमा यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.)को नाममा दर्ता भई धनी यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) ऋणी लाल बहादुर थारु रहेको लु ४ त ३८६३ ईन्जिन नं. NKM5FAE0053, च्यासिस नं. KMNTB2333DB2 को ट्रेक्टर ........१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय, चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पुर्व) बाट** प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय, चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पुर्व) मा** सम्पर्क राख्न सकिनेछ।

prabhu bank

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**